




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ११२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २२ गते बुधवार ❑ 5 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## कार्यव्यवस्था परामर्श समितिको बैठक बस्ने सहमतिमा सर्वदलीय बैठक

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

गण्डकी प्रदेशसभाको स्थगित भएको विशेष अधिवेशन वोलाउने बिषयमा बिहीबार कार्यव्यवस्था परामर्श समितिको बैठक ब स्ने भएको छ। मंगलबार दलका नेताहरु बिच भएको सर्वदलीय बैठकबाट उक्त निर्णय भएको नेपाली कागेंस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलले बताए।



वैशाख १५ गते देखि स्थगित भएको गण्डकी प्रदेशसभाको विशेष अधिवेशन बिहीबार बस्ने कार्यव्यस्था परामर्श समितिले मिति तय गर्न सक्ने भएको नेता नेपालीले जनाए। उनका अनुसार थप छलफल गर्न इच्छुक पार्टीले बुधबार समेत सभामुख अधिकारी समक्ष छलफल गर्न सक्नेछन्।

सभामुख नेत्रनाथ अधिकारीको समन्वयमा मंगलबार उक्त बैठक बसेको हो। मंगलबारको बैठकमा प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, नेपाली कागेंस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली, माओबादी केन्द्रका संसदीय दलका नेता हरि बहादुर चुमान, राष्ट्रिय जनमोर्चाका कृष्ण थापा र जनता समाज पार्टीका हरिशरण आचार्य लगायतको सहभागिता रहेको थियो। वैशाख १५ गते प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ बिरुद्धको अविश्वासको प्रस्ताव माथि मतदान हुने कार्यसूचि समेत भएको दीनमा राष्ट्रिय जनमोर्चाका सांसद खीलबिक्रम शाही हराएपछि स्थगित भएको बिषेश अधिवेसन एक साता देखि पुनः संचालन हुन सकेको छैन्। बिषेश अधिवेसन संचालनकै क्रममा सभामुख अधिकारीले २० मिनेटको लागि स्थगित गरेको अधिवेशन केही घण्टा पछि जनमोर्चाकी प्रमुख सचेतक पियारी थापाले हराएका सांसद खीलबिक्रम शाहीको खोजि गरी सार्वजनीक गरेर मात्र सदन अघि बढाउन दिएको निवेदनको आधारमा सदन स्थगित गरेका थिए। स्थगित भएको विषेश अधिवेसन वोलाउने बिषयमा सोमबार संसद सचिवालयमा बसेको कार्यव्यस्था परामर्श समितिको बैठकले निर्णय गर्न सकेको थिएन्। वैशाख १५ गते हराएका भनिएका सांसद शाहीको चरक मेमोरियल अस्पतालबाट डिस्चार्ज भएका छन्।

आइतबार बेलुका डिस्चार्ज भएका सांसद शाही अस्पताल नजिकैको एक सामान्य होटलमा बस्दै आएको जनमोर्चाकी प्रमुख सचेतक पियारी थापाले बताइन्। पोखराको सम्भवत खर्चिलो अस्पतालमा भर्ना भई आइसियू वार्डमा उपचार भएका सांसद शाहीको डिस्चार्ज भएसंगै सामान्य होटलमा बस्न थालेका हुन्। ६० सदस्यीय गण्डकी प्रदेश सभामा अविश्वास प्रस्ताव पारित हुन ३१ मत आवश्यक पर्छ। जनमोर्चाका ३ सांसद सत्ता जोगाउने वा नयाँ सरकार परिवर्तन गर्ने त्यसको चाबी चनमोर्चाको हातमा रहेको छ।

प्रदेश सभामा नेकपा एमालेको २७, १ स्वतन्त्र, कागेंसको १५, माओबादी केन्द्र १२, जसपा २, जनमोर्चाका ३ जना सांसद रहेका छन्। सत्ता टिकाउने बिषयमा केही दिन अघि प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रधानमन्त्री केपी शर्मा ओलीसंग भेटवार्ता समेत गरेका थिए।

गण्डकी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनलाई हटायर सिता पौडेललाई नियुत्ति गर्नुलाई प्रदेशको बिषेश अधिवेसनलाई सत्ताधारी दलले आफ्नो स्वार्थ पुर्तिको लागि नियुत्ति गरेको हुन सक्ने राजनितिक बिष्लेषशकले आशंका गरेका छन्।

## एमाले अध्यक्ष र राष्ट्रपति अस्वीकार गरेको थिएँ: शेरचन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**



गण्डकी प्रदेशका निवर्तमान प्रदेश प्रमुख अमिक शेरचनले आफ्नो बाँकी जीवन पनि राष्ट्रिय अखण्डता, स्वाभिमान र लोकतन्त्रका पक्षमा रहने बताएका छन्।

प्रदेश प्रमुखबाट सोमबार पदमुक्त शेरचनले मंगलबार आयोजित पत्रकार सम्मेलनमा लोकतन्त्र प्राप्तिका संघर्षमा आफू निरन्तर लागिरहेको बताउँदै आगामी दिनमा पनि देश र जनतालाई केन्द्रमा राख्दै प्राप्त उपलब्धिको रक्षार्थ क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे। संविधान, नियम र कानूनलाई आफूले सधैँ प्राथमिकतामा राखेको बताउँदै उनले प्रदेश प्रमुखको जिम्मेवारीमा रहँदा पनि त्यही जिम्मेवारीलाई आत्मसात् गर्दै अघि बढेको स्पष्ट पारे। आफू पदका लागि कहिल्यै नलागेको स्पष्ट पार्दै शेरचनले मनमोहन अधिकारीपछि नेकपा( एमाले)का अध्यक्ष र राष्ट्रपति डा रामवरण यादवपछि राष्ट्रपतिको जिम्मेवारीका लागि आएको प्रस्तावलाई आफूले अस्वीकार गरेको जिकिर गरे। मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराप्रति आफू सधैँ प्रतिबद्ध भएको तथा सिद्धान्त र निष्ठाको राजनीतिलाई निरन्तरता दिँदै आएको धारणा उनले राखे। राजनैतिक अस्थिरता र भ्रष्टाचार आदि बढ्दा देशलाई अघि बढ्न नदिने उनले स्पष्ट पारे। कोरोना महामारीका परिस्थितिमा सम्पूर्ण राजनीतिक दलबीच साझा सहमति र सहकार्यमा देशव्यापी सचेतना अभियान चलाई जनताको जीउधनको रक्षा गर्नुपर्नेमा जोड दिँदै उनले वर्तमान अवस्थामा पार्टीपार्टीबीचको फुट तथा पद र सत्तालिप्साको खेलमा देशलाई चुर्लुम्म डुबाउन नहुने विचार उहाँले व्यक्त गरे।

प्रदेश प्रमुखको जिम्मेवारीमा रहँदा सहयोग गर्ने प्रदेश सरकार, राजनीतिक दललगायत सम्पूर्णमा उनले धन्यवाद व्यक्त गरे। सोमबारको मन्त्रिपरिषद्को बैठकले शेरचनलाई गण्डकी प्रदेश प्रमुखबाट मुक्त गरी सीताकुमारी पौडेललाई नियुक्त गरेको थियो।

## सरकारले दिएका जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्छु: पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**



गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेललाई गृहजिल्ला चितवनमा स्वागत तथा सम्मान गरिएको छ।

प्रदेश प्रमुख नियुक्त भएपछि पहिलो पटक गृहजिल्ला आउनुभएका उनलाई मंगलबार जिल्लाका नेता तथा कार्यकर्ताले स्वागत सम्मान गरेका हुन्। राप्ती नगरपालिका वडा नं ७ स्थित आफ्नै निवासमा सामाजिक दूरी र स्वास्थ्य मापदण्ड पालना गरी उनले नेताकार्यकर्तालाई भेट गर्दै उनले सरकारले दिएका जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिने बताइन। लामो समयदेखि कम्युनिष्ट पार्टीमा आबद्ध उनले प्रधानमन्त्रीको जनसम्पर्क सल्लाहकार तथा एमालेको भ्रातृ संगठन अखिल नेपाल महिला संघका अध्यक्ष भएर काम गरिसकेकी छन्। पौडेल गण्डकी प्रदेशका तेस्रो प्रदेश प्रमुख रहेकीछन्।

यसअघि नै प्रदेश प्रमुखका रुपमा बाबुराम कुँवर र अमिक शेरचनले काम गरिसकेका छन्।

## सात हजार ६६० संक्रमित, ५५ को निधन

**रासस**
**काठमाडौं, २१ बैशाख**

कोभिड-१९ को सङ्क्रमित हुनेको सङ्ख्यामा दैनिक उकालो लागिरहेको छ। कोभिड-१९ को दोस्रो लहर बढेसँगै वैशाखको शुरु देखि सङ्क्रमित हुनेको सङ्ख्या दैनिक उकालो लागेको हो। प्रत्येक दिन सङ्क्रमित हुनेको सङ्ख्या बढिरहेको छ।

मंगलबार देशभर सात हजार ६६० मा सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाइएको छ। सोमबार (वैशाख २० गते) सात हजार ४४८, आइतबार (वैशाख १९ गते) सात हजार २११, शनिबार (वैशाख १८ गते) पाँच हजार ७६३ र शुक्रबार (वैशाख १७ गते) पाँच हजार ७२७ सङ्क्रमित देखिएका थिए। मंगलबार १६ हजार १३१ पिसिआरमा सात हजार ५८७ र ५६१ एन्टिजेनमा ७३ मा सङ्क्रमण देखिएको हो। मंगलबार देखिएका सङ्क्रमितसँगै कूल सङ्क्रमित तीन लाख ५१ हजार ५ पुगेको छ। यस्तै आज एक हजार ७७५ सङ्क्रमितबाट निको भएका छन्। अहिलेसम्म दुई लाख ८७ हजार ७९० निको भएर घर फर्किएका छन्। नेपालमा निको हुने दर ८२ प्रतिशत छ। यस्तै मंगलबार मात्र सङ्क्रमणबाट निधन हुनेको सङ्ख्या ५५ पुगेको छ। निधन हुनको यो सङ्ख्या हालसम्मकै उच्च हो। अहिलेसम्म तीन हजार ४१७ सङ्क्रमणबाट निधन भइसकेका छन्।

यसैगरी ५०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला २० पुगेका छन्। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, पर्सा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, काभ्रे, मकवानपुर, कास्की, दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, सुर्खेत र कैलाली रहेका छन्। यस्तै सङ्क्रमितमध्ये ६१६ सघन उपचार कक्ष (आइसियु) र १७९ भेन्टिलेटरमा उपचार गराइरहेका छन्।

आइसियुमा प्रदेश नं १ मा ९३, प्रदेश नं २ मा २४, वाग्मती प्रदेशमा ३२५, गण्डकी प्रदेशमा ४४, लुम्बिनी प्रदेशमा ६९, कर्णाली प्रदेशमा ३२ र सूदुरपश्चिम प्रदेशमा २९ उपचार गराइरहेका छन्। भेन्टिलेटरमा प्रदेश नं १ मा १८, प्रदेश नं २ मा दुई, वाग्मती प्रदेशमा १२४, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा १६ , कर्णाली प्रदेशमा सात र सूदुरपश्चिम प्रदेशमा १० उपचार गराइरहेका छन्।

## कांग्रेसले प्रमको विश्वासको मत आग्रहलाई असफल बनाउने

**रासस**
**काठमाडौं, २१ बैशाख**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा लिने विश्वासको मतलाई असफल बनाउने निर्णय गरेको छ।

कांग्रेसका पदाधिकारी र पूर्वपदाधिकारीको मंगलबार सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको बैठकले सो

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विशेष अधिवेशन बोलाइनाको आशय राम्रो देखिँदैन : माओवादी केन्द्र


**रासस**
**काठमाडौं, २१ बैशाख**

नेकपा (माओवादी केन्द्र)ले सङ्घीय संसद्को नियमित अधिवेशन बोलाउनुपर्ने अवस्थामा विशेष अधिवेशन बोलाइनाले सरकारको राजनीतिकआशयगलतरहेकोनिष्कर्ष निकालेको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा आज बसेको स्थायी समिति बैठकले संसद्को नियमित अधिवेशन बोलाउनाको सट्टा प्रधानमन्त्रीले विश्वासको मत लिने भनी विशेष अधिवेशनको रूप दिएर बैठक बोलाइनाले प्रधानमन्त्रीको राजनीतिक आशय र उद्देश्य राम्रो नदेखिएको निष्कर्ष निकालेको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। सर्वोच्च अदालतले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता बदर गरी नेकपा (एमाले) र माओवादी केन्द्रलाई पूर्ववत् रूपमा ब्युँताइदिएलगत्तै माओवादीले प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने आवाज संसद्मै उठाएको थियो।

"त्यतिखेर प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने पहल गर्नुभएन, अब केही समयभित्रै संसद्को नियमित अधिवेशन बोलाउनुपर्ने बाध्यकारी व्यवस्था छ", उनले भने, "फागुन २३ गतेको अदालतको आदेशअनुरूप चैत २३ भित्र विश्वासको मत लिने विषयलाई छाड्ने र नियमित अधिवेशन नबोलाई विशेष अधिवेशनको रूपमा बैठक बोलाइनुको आशय राम्रो देखिँदैन।" प्रधानमन्त्री केपी शर्मा ओलीले यही वैशाख २७ गते संसद्बाट विश्वासको मत लिन लाग्नुभएको छ। त्यसका लागि सो दिन अपराह्न १ बजे बैठक बोलाइएको छ। माओवादी केन्द्रले लुम्बिनी प्रदेशमा विपक्षीको बहुमत रहेको जनाउँदै 'अल्पमतमा रहेका व्यक्ति'लाई मुख्यमन्त्री नियुक्त गरिनु असंवैधानिक रहेको जिकिर गरेको छ। "लुम्बिनी प्रदेशमा अवैधानिक ढंगले नयाँ प्रदेश सरकार बनाइएको घोषणा गरिएको छ, जुन पूर्णरूपमा असंवैधानिक छ। यो लोकतान्त्रिक मूल्यमान्यता, राजनीतिक नैतिकताको चरम उल्लङ्घन र उच्छृङ्खलताको पराकाष्टा हो", प्रवक्ता श्रेष्ठले भन्नुभयो, "त्यसैले हामी लुम्बिनी प्रदेश सरकारलाई अवैधानिक घोषणा गर्दछौँ। त्यसका विरुद्धमा प्रदेशमा रहेका अन्य राजनीतिक दलले चालेको कदमलाई माओवादीको समर्थन छ।"

बैठकले विनाकारण बलजफ्ती गण्डकी र सुदूरपश्चिमका प्रदेश प्रमुख पदमुक्त गरेको आरोप लगाएको छ। सरकारले सोमबार माओवादी केन्द्रसम्बद्ध गण्डकी प्रदेश प्रमुख अमिक शेरचन र सुदूरपश्चिम प्रदेश प्रमुख शर्मिलाकुमारी पन्तलाई पदमुक्त गरी क्रमशः सीताकुमारी पौडेल र गङ्गाप्रसाद यादवलाई नियुक्त गरेको थियो।

# चलचित्र पत्रकार संघ कास्कीको भित्तेपात्रो सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ बैशाख**

चलचित्र पत्रकार संघ कास्कीले नयाँ वर्ष २०७८ सालको भित्तेपात्रो सार्वजनिक गरेको छ।

मंगलबार पोखरामा सामाजिक सुरक्षाका मापदण्डलाई अवलम्बन गर्दै नेपाल पत्रकार महासंघ कास्कीका नवनिर्वाचित अध्यक्ष बिमला भण्डारी, चलचित्र पत्रकार संघ कास्कीका संस्थापक अध्यक्ष तथा पत्रकार महासंघ कास्कीका सह–सचिव श्रीराम सिग्देल, चपस कास्कीका निर्वतमान अध्यक्ष तथा महासंघ कास्कीका समावेशी सह–सचिव रेम वि.क, चपस कास्कीका सल्लाहकार राजाराम पौडेल र चपस कास्कीका अध्यक्ष अरुण गिरीले भित्तेपात्रो सार्वजनिक गरे।

सो अवसरमा पत्रकार महासंघ कास्कीका अध्यक्ष सहित चपस कास्कीबाटै प्रतिनिधित्व गर्दै निर्वाचित भएका सदस्यहरुलाई बधाई दिइयो । कार्यक्रममा



शुभकामना मन्तव्य राख्दै नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष भण्डारीले चपस कास्कीको पछिल्लो टिमले उदाहरणीय काम गरेको बताइन् । जोखिमका बेला आइपर्ने चुनौतीको सामना गर्दै अवसर खोज्नुपर्ने उनको भनाई थियो । भण्डारीले चलचित्र बिटलाई मुलधारमा ल्याउन महासंघबाट पहल हुने प्रतिबद्धता जनाइन् । उनले कोरोना कालिन समयमा सुरक्षित हुँदै समाचार संकलनमा खटिन पत्रकारलाई आग्रह गरेकी छिन् । चलचित्र पत्रकार संघ कास्कीका समस्यामा महासंघ सधै साथमा रहेको उल्लेख गर्दै योजना बनाएर सँगै कार्यक्रम तय गर्ने पनि उनले बताइन् । भण्डारीले पत्रकारलाई कार्डको दुरुपयोग नगर्न आग्रह गरेकी छिन् । कामका बेला मात्र कार्डको प्रयोग गरी महासंघ कास्कीको गरिमालाई जोगाउन उनको अनुरोध छ।

चलचित्र पत्रकार संघ कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले संस्था २०६० सालमा जन्मिएको जानकारी गराए । उनले पछिल्लो कार्यसमितिबाट भइरहेका गतिविधि देखेर आफु खुशी भएको अभिव्यक्ति दिए।

महासंघको अहिलेको कार्यसमितिमा चलचित्र पत्रकार संघ कास्कीका साथीहरुको सहभागीता राम्रो भएको बताउँदै आगामी दिनमा महासंघकै समन्वयमा संघले कार्यक्रम गर्ने गरी वातावरण निर्माण गर्नेमा आफु प्रतिबद्ध रहेको उनले बताए । संघका अध्यक्ष गिरीले भित्तेपात्रो विमोचन संघको कोषवृद्धिका लागि गरिएको जानकारी गराए । एशोसियट संस्था चपस कास्की भएता पनि महासंघसँग समन्वय गरेर आफुहरुले कार्यक्रम गर्ने योजना बनाएको उनले बताए। गिरी महासंघबाट सहयोग पाउनेमा विश्वस्त छन् । चपस कास्कीका कार्यसमिति सदस्यहरुको उपस्थितिमा आयोजना गरिएको कार्यक्रमलाई सचिव प्रभु अधिकारीले संचालन गरेका थिए।



निषेधाज्ञामा चलाइएका सवारीको पास जाँचः कोरोना संक्रमण बढेसँगै जिल्ला प्रशासन कार्यालय कास्कीले मंगलबारदेखि जिल्लामा लागू गरेको निषेधाज्ञाको बेला पोखराको चिप्लेढुङ्गामा गुडिँरहेको सवारी साधनको पास भए नभएको जाँच गर्दै सुरक्षाकर्मी । कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि जिप्रकाले अत्यावश्यक सेवावाहेकका सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाइएको छ। तस्बिर : कृष्ण दवाडी

# समृद्धि र विकासमा सर्वसाधारणलाई जोड्दै ताल

**– वासुदेव पौडेल**
**पोखरा, २१ बैशाख (रासस)**

तालैतालको वडाका रूपमा ख्याति कमाएको पोखरा महानगरपालिका-२६ स्थित खास्टे, न्युरेनी र गुंदे ताल यहाँका स्थानीयवासीको समृद्धि र विकासमा वरदान साबित हुँदै गएका छन् । तालले यहाँको गरिमा र महत्वलाई विश्वसामु चिनाउन योगदान गरेको छ नै यसैका माध्यमबाट यहाँका स्थानीयवासी एकताबद्ध भई समृद्धि र विकासको अभियानमा पनि जुटेका छन्।

पछिल्लो समयमा ताल आसपासका क्षेत्र खरानेफाँट र यसका जलाधार क्षेत्रका स्थानीयवासी, युवा तथा व्यवसायीको संयुक्त पहलमा वातावरण संरक्षणका साथै समृद्धि र विकासका पहल बढिरहेको छ । यसै पहलस्वरुप २०७३ माघदेखि खास्टे ताल मत्स्य तथा कृषि सहकारी संस्था स्थापना भई आसपासका ७४५ सर्वसाधारण यसमा आबद्ध भइसकेका छन् । मत्स्य पालनले बिस्तारै व्यावसायिक रूप ग्रहण गर्दै जाँदा वार्षिक करिब रु आठ लाख रुपैयाँसम्मको आम्दानी हुने गरेको छ । सहकारीमार्फत गरिएको मत्स्यपालनले तालको दिगो संरक्षणमा योगदान पुग्नाका साथै सर्वसाधारणमा सचेतना अभिवृद्धिसमेत गरेको खास्टे तथा न्युरेनी ताल संरक्षण विकास समितिका अध्यक्ष हरि अधिकारीले बताउनुभयो। उहाँका अनुसार मासिक बचतसमेत हुने गरेको सहकारीमा वार्षिक रु दुई करोड बराबरको कारोबार हुने गरेको छ । वडाभित्रका तीनवटै तालका आ-आफ्नै विशिष्टता छन् । खास्टे ताल २६९ हेक्टर क्षेत्रफलमा फैलिएको छ। तालमा पानीले ढाकेको क्षेत्रफल २०० हेक्टर रहेको छ । एक दशमलव पाँचदेखि पाँच मिटर गहिराइ रहेको यो ताल रामसार क्षेत्रमा सूचीकरण भएसँगै यसको संरक्षणमा चासो बढेको देखिन्छ। सफा पानीको तालका रूपमा रहेको यहाँ विभिन्न प्रजातिका रैथाले चराका साथै हिउँदको समयमा आउने पाहुना चरा देख्न सकिन्छ। खास्टे तालमा रहेको ज्येष्ठी तालबाराही मन्दिरमा पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ।

यहाँको अर्को न्युरेनी ताल जम्मा १८ हेक्टर क्षेत्रफलमा फैलिएको छ। यस तालको १० हेक्टर क्षेत्रफल पानीले ढाकेको छ भने यसको गहिराइ एक दशमलव चार मिटर छ । त्यस्तै गुन्द्री बुन्न प्रयोग हुने एक विशेष प्रकारको गुँद नामक वनस्पति धेरै पाइने भएकाले वडाभित्रको अर्को तालको नाम गुँदे ताल रहेको छ। चराको बासस्थानका लागि उपयुक्त मानिने यो ताल ६१ हेक्टर क्षेत्रफलमा फैलिएको छ। कूल २० हेक्टर क्षेत्रफल पानीले ढाकेको यस तालको गहिराइ एक दशमलव छ मिटर रहेको छ । रामसार सूचीमा सूचीकृत भएसँगै यसको संरक्षणमा थप चासो बढ्दै गएको देखिन्छ।

पर्यटकीय रूपमा समेत महत्वपूर्ण यी तालहरूको संरक्षणका लागि २०६६ सालदेखि खास्टे तथा न्युरेनी ताल संरक्षण समिति र गुँदे ताल संरक्षण समिति गठन गरी कामहरू अघि बढाइएको छ। संरक्षणमा विभिन्न सामाजिक सङ्घसंस्थाको आर्थिक तथा भावनात्मक सहयोगले यिनको संरक्षण र सौन्दर्यमा प्रगति हुँदै गएको छ । जैविक विवधताले सम्पन्न यी तालमा हिउँदमा साइबेरियादेखि दुर्लभ बसाइँ सर्ने प्रजातिका विभिन्न चरा आउने भएकाले चरा पर्यटनका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले बताउनुभयो । ताललाई जोडेर यहाँबाट कालिकालगायतका स्थानका लागि हाइकिङको मार्ग तय गर्नाका साथै यहाँस्थित तालबाराही मन्दिरसमेतका आधारमा धार्मिक पर्यटन लगायतलाई पनि सँगसँगै अघि बढाउन सकिने उहाँले बताउनुभयो । यी तालहरूको प्रवर्द्धन र विकासलाई लक्षित गरी खास्टे तथा न्युरेनी ताल संरक्षण विकास समितिको आयोजनामा गत चैत १२ देखि २२ गतेसम्म सञ्चालित १० दिवसीय लेखनाथ खास्टेताल महोत्सव, २०७७ आयोजना गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले प्रवर्द्धन गरेको भण्डारीले जानकारी दिनुभयो।

खास्टे, न्युरेनी र गुँदे तालको पर्यटकीय चिनारीका लागि महोत्सव महत्वपूर्ण बनेको महोत्सव प्रचारप्रसार समितिका संयोजक भीमपाणि बरालले बताउनुभयो । कोरोना सङ्क्रमणका कारण महोत्सव अपेक्षितरूपमा सफल नभए पनि यसको यहाँको पर्यटकीय चिनारीमा यसले विशेष भूमिका निर्वाह गरेको उहाँले बताउनुभयो । "तालले यहाँको प्राकृतिक सुन्दरता त बढाएका छन् नै, स्थानीयवासीको समृद्धि र विकासका लागि पनि उत्तिकै भूमिका खेलेको छन्", बरालले भन्नुभयो, "दिगो संरक्षण र विकासको लक्ष्यका साथ अघि बढ्न सकेमा यहाँका स्थानीयवासीले यी तालबाट अधिकतम फाइदा लिन सक्ने देखिन्छ।

# चीनबाट २० हजार सिलिन्डर आउँदै

**रासस**
**काठमाडौं, २१ बैशाख**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चीनबाट २० हजार खाली सिलिन्डर ल्याउने भएको छ।

कोभिड-१९ का बिरामीको उपचारमा अक्सिजन सिलिन्डरको अभाव हुन नदिनका लागि मन्त्रालयले चीनबाट २० हजार सिलिन्डर ल्याउने भएको हो। मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले अर्को हप्ता चीनबाट ती सिलिन्डर आउने जानकारी दिए।

उनले मुलुकमा अक्सिजनको अभाव नभए पनि सिलिन्डर नहुँदा समस्या परेको बताए । "हामीसँग अक्सिजन ग्यासको कमी छैन", उनले भने, "तर सिलिन्डर नहुँदा बिरामीका लागि अक्सिजन पुऱ्याउन कठिन भएको हो ।" मन्त्रालयले प्राणवायु (अक्सिजन)को सहज व्यवस्थापनका लागि तयारी अवस्थामा रहन अस्पताललाई निर्देशन दिएको छ । मन्त्रालयले अस्पताल र सर्वसाधारणलाई खाली सिलिन्डर मौज्दात (होल्ड) नराख्न अनुरोध गरेको छ।

नेपालमा अहिले देशभरका ३० अस्पतालमा अक्सिजन प्लान्ट जडान गरिएका छन् । ती अस्पतालबाट दैनिक दुई हजार ५४९ सिलिन्डर भर्नसक्ने क्षमता रहेको मन्त्रालयले जनाएको छ । केही अस्पतालमा लिक्विड अक्सिजन ट्याङ्कसमेत जडान गरिएको छ। अस्पतालसँग छ हजारभन्दा बढी र अक्सिजन बिक्रेताले दैनिक आठ हजार सिलिन्डर भर्न सक्ने क्षमता रहेको छ।

## कांग्रेसले ...

निर्णय गरेको पार्टीका सहमहामन्त्री डा प्रकाशशरण महतले जानकारी दिए।

बैठकले संसद्को बजेट अधिवेशन बोलाउन ढिला भइरहेका अवस्थामा वर्तमान सरकारले संसद् लाई छलेर अध्यादेशमार्फत शासन चलाउन खोजको जनाउँदै आपत्तिसमेत जनाएको छ। कांग्रेसले संवैधानिक परिषद् सम्बन्धीलगायत सात अध्यादेश ल्याउने सरकारको निर्णयको विरोध गरेको छ।

यसैगरी सभापति देउवाले आजै विज्ञप्ति जारी गरी संसद्को बजेट अधिवेशन बोलाउन ढिला भइरहेका अवस्थामा संसद्लाई छलेर सरकारले अध्यादेशमार्फत शासन चलाउन खोजेको भनी आपत्तिजनक जनाएका छन्। "संवैधानिक परिषद् सम्बन्धीलगायत सात अध्यादेश ल्याउने सरकारको निर्णयको कांग्रेस घोर भर्त्सना गर्दछ", विज्ञप्तिमा उल्लेख छ । राष्ट्रपतिले मन्त्रिपरिषद्का सिफारिशमा प्रधानमन्त्रीले नेपालको संविधानको धारा १०० को उपधारा (१) बमोजिम आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट गर्न आवश्यक ठान्नुभएकाले सो प्रयोजनका लागि यही वैशाख २७ गते प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुभएको छ।

सोचमा परिवर्तन खोजमा
नवीनता, उद्यमी र स्वाबलम्बी
महिला हाम्रो महानता ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# खनाल र पूर्वरानीको स्वास्थ्यमा सुधार

**रासस**
**काठमाडौं, २१ बैशाख**

नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनाल र पूर्वरानी कोमल शाहको स्वास्थ्यावस्थामा क्रमिक सुधार भइरहेको छ । नर्भिक इन्टरनेशल अस्पतालमा कोभिड-१९ सङ्क्रमित भई उपचाररत दुवैको स्वास्थ्यमा सुधार भइरहेको हो।

अस्पतालका कर्पोरेट कम्युनिकेशन प्रमुख सोमनाथ बाँस्तोलाका अनुसार अक्सिजनमा राखेर उपचाररत नेता खनालको स्वास्थ्यवस्था सुधारोन्मुख छ । उहाँ कोरोना भाइरस सङ्क्रमण भई गत शनिबार अस्पतालमा भर्ना हुनुभएको थियो । यस्तै प्लाज्मा थेरापी विधिबाट अस्पतालमा उपचार गराइरहनुभएका पूर्वरानी शाहको अवस्थामा पनि सुधार आएको उहाँले बताउनुभयो। गत बिहीबारदेखि पूर्वरानी शाहलाई प्लाज्मा थेरापीबाट उपचार गर्न थालिएको हो । अहिले पनि उहाँको सघन उपचार कक्षमा राखेर उपचार गरिएको छ।

उहाँका अनुसार अस्पतालमै उपचाररत पूर्वराजा ज्ञानेन्द्र र पूर्वअधिराजकुमारी प्रेरणा शाहको अवस्था भने सामान्य र स्थिर छ । भारतको हरिद्वारमा भएको कुम्भमेलाबाट फर्किएपछि पूर्वराजारानीलाई सङ्क्रमण भएको थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन् जो भाग्यलाई फुकाउँछन् र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# निषेधाज्ञासँगै राहतमा ध्यान देऊ

कोभिड-१९ को दोस्रो लहर फैलिदै गएपछि राजधानी काठमाडौं लगायत देशका प्रमुख शहरमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेका छन । संक्रमितको संख्याको आधारमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेका छन् । केही जिल्लामा निषेधाज्ञा कडा पारिएको छ भने केही जिल्लामा केही खुकुलो छ । राजधानीबाट बाहिर जान केही सहज बनाइएको छ । केही जिल्लामा कडाइसाथ निषेधाज्ञा हुँदा घर जान हिडेका अप्ठ्यारोमा परेका छन ।

तनहुँ निषेधाज्ञा जारी नहुँदै हिडेका कास्कीमा निषेधाज्ञा हुँदा सिमामा रोकिएका छन । जिल्ला जिल्लाको अवस्था फरकफरक हुँदा मारमा घर फर्केका परेका छन । काम नभए पछि आफ्नो घरमा फर्कन खोज्ने र अप्ठ्यारो परेको बेला आफ्नै गाउँघर फर्कनेलाई सहजीकरण गर्नुपर्छ । कोरोना महामारीले सबैलाई असर पारेको छ । अझ बढी असर गरिब र श्रमिक वर्गलाई पारेको छ । दैनिक कमाउँदै खाँदै गर्नेको चुलो अब निभेको छ । कामका अवसर बन्द भएका छन् । गेरर खान बाहिर निस्कन निषेधाज्ञाले रोकेको छ। संक्रामक रोगबाट आमनागरिकलाई जोगाउन निषेधाज्ञा लागू गर्नु सरकारको बाध्यता हो । त्यसले सिर्जना गर्ने भोकको व्यथा पनि संगसंगै सम्बोधन हुनुपर्छ । काम गरेर खाने र बाँच्नको लागि अरु विकल्प नपाउनेका बारेमा सम्बोधन नहुनु कमजोरी हो ।

प्रधानमन्त्रीको सम्बोधनमा कोरोना रोकथामका निषेधाज्ञामा कसैलाई भोकै हुन नदिने प्रतिबद्धता जनाइएको छ। तर, त्यसको प्रस्ट खाका आउन सकेको छैन । एक छाक पनि सञ्चय हुने ठूलो संख्याका नागरिक भोकभोकै हुन थालिसके । अब तिनले राज्यबाट आश्वासन होइन, आहार चाहेका छन् । सरकार त्यसमा गम्भीर हुनैपर्छ । संक्रमणको उच्च जोखिममा रहेको वर्ग पनि ज्याला मजदूरी गेरर खाने समुदाय नै हो । जटिल र महँगो बन्दै गएको उपचारमा तिनको पहुँचको समस्या साथमा छँदैछ । दिनभरि भारी बोकेर काम गर्ने हजारौं मजदुर सडक र पाटीमा रात बिताउन बाध्य छन् । साँझ-बिहान पेट भर्नकै लागि उनीहरू मन्दिर परिसर तथा खुला ठाउँमा भेला हुने गरेका छन् । कोही मनकारी संघ, संस्था वा मानिसले निःशुल्क बाँड्ने गरेको खाना भेटाउन उनीहरू आशावादी हुन्छन् । सधैं यसरी गुजारा धान्न पनि सहज हुन्न ।

अमेरिका, युरोपलगायतमा जत्तिकै नसके पछि नेपाल सरकारले बेरोजगार हुन बाध्य श्रमिकलाई यस्ता भैपरी आउने परिस्थितिका हकमा केही न केही राहत प्रदान गर्नैपर्छ । राज्यको काम लोककल्याण हो । उपचार प्रबन्धमा सरकारको ठूलो राशि लगानी हुने बाध्यता यति बेला छँदैछ । तैपनि विपन्न श्रमिकका व्यथा कोरोना कहरभन्दा कम छैनन् भन्नेमा हेक्का पुग्नैपर्छ । सबैलाई नसके पनि दिनभर कमाएर साँझ-बिहान पेट पाल्नेलाई भने सरकारले गर्जो टारिदिनैपर्छ । 'रोगले भन्दा भोकले मर्ने अवस्था' आउन दिनु हुँदैन । स्वास्थ्य सुरक्षा अपनाएर मजदुरहरूको दैनिक जनजीवन सहज बनाइदिन सरकारले उचित पहल चाल्नु अत्यावश्यक छ। गतवर्ष देखिएका कतिपय बिजोग दृश्य यसपालि पुनरावृत्त नहोऊन् भन्नेमा तीनै तहका सरकारको ध्यानाकर्षण हुनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : शारिरीक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : मानसिक तनाव |
| कर्कट | : आर्थिक समस्या | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# वडावडामा मेलमिलाप केन्द्र स्थापित

पोखरापत्र संवाददाता

दमौली, २१ वैशाख

तनहुँको व्यास नगरपालिकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना शुरु गरेको छ । सामान्य विवादका घटना वडामै मिलाउने उद्देश्यसहित नगरपालिकाले वडावडामा नै मेलमिलाप केन्द्र स्थापना शुरु गरेको हो ।

चौध वडा रहेको नगरपालिकाका पाँच वटा वडामा मेलमिलाप केन्द्र स्थापना भइसकेको नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मीरा जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नं १०, ११, १२, १३ र १४ वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ । "सबै वडामा मेलमिलाप केन्द्र स्थापना गर्छौं, अहिले कोरोना जोखिमका कारण केही वडामा स्थापना गर्न ढिलाइ भएको छ", जोशीले भन्नुभयो ।

न्यायिक समितिमा मुद्दाको चाप घटाउने र सामान्य विवादका घटनालाई वडाबाटै निरुपण गर्ने उद्देश्यले मेलमिलाप केन्द्र स्थापना गर्न थालिएको जोशीले जानकारी दिनुभयो । "सबै मुद्दा न्यायिक समितिमा पठाउँदा मुद्दाको चाप बढी हुने गर्छ, सामान्य विवादलाई वडामै छलफलबाट टुङ्ग्याउन सकिन्छ", जोशीले भन्नुभयो, "कतिपय मुद्दाहरु सीधै न्यायिक समितिमा आए पनि त्यसलाई मेलमिलाप केन्द्रमा नै पठाउने गरिएको छ ।"

नगरपालिकाले सबै वडाका तीन/तीन जनालाई मेलमिलाप तालीम दिइसकेको छ । तालीम लिएकाहरु नगरपालिकाको मेलमिलापकर्ताका रुपमा सूचीकृत भएका छन् । "तालीम लिएका मेलमिलापकर्तालाई नै मेलमिलापका लागि खटाउँछौं", उहाँले भन्नुभयो । जोशीका अनुसार मेलमिलाप केन्द्रमा समाधान हुन नसकेका मुद्दा मात्रै न्यायिक समितिमा पठाइन्छ । "कतिपय मुद्दा न्यायिक समितिबाटै निरुपण गर्नुपर्ने हुन्छ, त्यस्ता मुद्दा मेलमिलाप केन्द्रबाट न्यायिक समितिमा आउँछ", उहाँले भन्नुभयो, "बाँकी सबै मुद्दालाई मेलमिलाप केन्द्रबाट मिलाउँछौं ।"

स्थानीय शासन ऐन २०७४ बमोजिम नगरपालिकामा उपप्रमुखका संयोजकत्वमा न्यायिक समिति गठन भएको छ । न्यायिक समितिमा दर्ता हुने केही मुद्दामा न्यायिक समितिले फैसला गर्ने र केही मुद्दा मेलमिलापबाट टुङ्गो लगाउनुपर्ने कानूनी प्रावधान रहेको छ । स्थानीयस्तरमा शान्ति, सौहार्द र मेलमिलाप कायम गरी स्थानीय विकास प्रक्रियालाई टेवा पुऱ्याउन, महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुसलमान, पिछडा वर्ग, सीमान्तकृत समुदायको सशक्तीकरण गरी सहभागितामूलक तरिकाबाट विवाद समाधान गर्न सहयोग गरी समाजमा न्याय, मानवाधिकार र नागरिक हितको सम्बर्द्धनमा मेलमिलाप केन्द्रले सहयोग पुग्ने विश्वास गरिएको छ ।

# ढुङ्गाले च्यापेर एकको मृत्यु

रासस

म्याग्दी, २१ वैशाख

म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरको सारेमारेमा ढुङ्गाले च्यापेर एक युवाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय म्याग्दीका अनुसार मृत्यु हुनेमा बेनी नगरपालिका-१ रत्नेचौरका २१ वर्षीय अनिस बोगटीको ढुङ्गाले च्यापेर मृत्यु भएको हो । सोही ठाउँका १८ वर्षीय सुजन जिसी घाइते भएका छन् ।

सोमबार साँझ पानी परेपछि उनीहरू ओत लागेर बसेको ढुङ्गा एक्कासी माथिबाट खसेर च्यापिएका प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले बताउनुभयो । उनीहरू बालुवा लिन कालीगण्डकी किनारमा गएको समयमा पानी परेपछि ओत लाग्न ढुङ्गामुनि बसेका थिए ।

बोगटीको च्यापिएर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । भाग्ने क्रममा घाइते भएका जिसीको बेनी अस्पतालमा उपचार भइरहेको छ । उनीहरूसँगै ओत लागेर बसेका अर्का एक जना भागेका थिए ।

# सेती प्रादेशिक अस्पतालमा थप छको कोरोनाबाट मृत्यु

रासस

म्याग्दी, २१ वैशाख

कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचाररत थप छ कोरोना सङ्क्रमितको मृत्यु भएको छ । पछिल्लो पटक मृत्यु हुनेमा धनगढी उपमहानगरपालिका-७ की ७७ वर्षीया र वडा नं १३ का २२ वर्षीय छन् ।

महिलाको आज बिहान साढे २ बजे र पुरुषको सोमबार राति साढे ११ बजेको समय मृत्यु भएको जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिनुभयो । यसैगरी दार्चुला, मालिकार्जुन गाउँपालिका -८ का ६६ वर्षीय पुरुषको पनि एन्टिजेनबाट जाँच गर्दा रिपोर्ट पोजेटिभ आएकामा अस्पतालको आकस्मिक कक्षमा सोमबार राति ९ बजेका समयमा मृत्यु भएको छ।

यस्तै कञ्चनपुर, भीमदत्त नगरपालिका -१२ घर भएका ७१ वर्षीय पुरुषको अस्पतालको इमर्जेन्सी वार्डमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । एन्टिजेनबाट जाँच गर्दा रिपोर्ट पोजेटिभ आएकामा उनको आज बिहान ३ बजेका समयमा मृत्यु भएको हो ।

यस्ते बझाङका २६ वर्षीय पुरुषको पनि यही वैशाख १४ गते एन्टिजेनबाट जाँच गर्दा रिपोर्ट पोजेटिभ आएकामा इमर्जेन्सी वार्डमा सोमबार राति साढे १० बजेका समयमा मृत्यु भएको जनाइएको छ । सेतीमै उपचाररत बर्दियाका ३० वर्षीय पुरुषको पनि मृत्यु भएको छ । सोमबार श्वासप्रश्वासमा समस्या देखिएपछि उनलाई अस्पताल भर्ना गरिएको थियो । पिसिआर रिपोर्ट पोजेटिभ आएकामा राति २ बजेका समयमा उपचारका क्रममा उनको मृत्यु भएको जोशीले बताउनुभयो ।

# श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिसम्बन्धी सूचना राजपत्रमा प्रकाशित

रासस

काठमाडौं, २१ वैशाख

निजी क्षेत्रमा काम गर्ने श्रमिकको न्यूनतम पारिश्रमिकसम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा शुभकामना दिँदै आगामी आर्थिक वर्षदेखि श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गेरर मासिक रु १५ हजार पुऱ्याइने घोषणा गर्नुभएको थियो ।

प्रधानमन्त्रीको उक्त घोषणालाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आज राजपत्रमा प्रकाशन गरेको हो । वृद्धि भएको न्यूनतम पारिश्रमिक आगामी साउन १ गतेदेखि लागू हुनेछ । सोअनुसार रु नौ हजार ३८५ आधारभूत पारिश्रमिक र रु पाँच हजार ५१६ महँगी भत्ता गरी मासिक रु १५ हजार हुने छ । यसअघि श्रमिकको आधारभूत पारिश्रमिक रु १३ हजार ४५० थियो । मन्त्रालयले दैनिक आधारभूत पारिश्रमिक रु ३६१ र दैनिक महँगी भत्ता रु २१६ गरी दैनिक रु ५७७ तथा प्रतिघण्टा आधारभूत पारिश्रमिक ४८ र महँगी भत्ता २९ गरी प्रतिघण्टा रु ७७ तोकेको छ । यो चिया बगानमा काम गर्ने श्रमिकबाहेकको हो । उक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानूनबमोजिम श्रमिकले पाउने सञ्चयकोष र उपदानलगायत सुविधा रोजगारदाताले प्रदान गर्नुपर्ने मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले जानकारी दिनुभयो ।

सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा कम पारिश्रमिक लिनेदिने गरी कुनै रोजगार सम्झौता गर्न नपाइने पनि मन्त्रालयले स्पष्ट पारेको छ । सरकारले एकपक्षीय रुपमा न्यूनतम पारिश्रमिक तोकेको जनाउँदै श्रमिक र रोजगारदाता दुवैले असन्तुष्टि जनाएका छन् । श्रम ऐन, २०७४ मा प्रत्येक दुईदुई वर्षमा न्यूनतम पारिश्रमिक पुनरवलोकन हुने प्रावधान छ ।

# गेट्स दम्पत्तीले सम्बन्ध विच्छेद गर्ने निर्णय

रासस

काठमाडौं, २१ वैशाख

विश्वका धनी व्यक्ति बिल गेट्स र उहाँकी पत्नी मेलिन्डा गेट्सले सम्बन्ध विच्छेद् गर्नुभएको छ ।

संसारको सबैभन्दा ठूलो परोपकारी कोष, बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेशन,का सञ्चालक जोडी गेट्सले सन् १९९४ मा हवाईको एउटा टापुमा विवाह गरी जोडेको सम्बन्ध २७ वर्षपछि विच्छेद् गर्ने निर्णय भएको छ । उहाँहरूले ट्वीटरमार्फत् सोमबार सार्वजनिक गरेको एउटा संयुक्त विज्ञप्तिमा यस कुराको जानकारी दिनुभएको हो ।

"विगत २७ वर्षमा हामीले तीन अद्भुत सन्तानहरू हुर्काएका छौं र संसारभरिका मानिसहरूलाई स्वास्थ्य र उत्पादनशील जीवन बाँच्न सक्षम तुल्याउने एउटा कोष बनाएका छौं । हामी हाम्रो उद्देश्यमा एकै ठाउँमा छौं र उक्त कोषमा मिलेर काम गर्नेछौं । तर जीवनको अबको चरणमा जोडीका रूपमा आफ्नो प्रगति हुन नसक्ने हाम्रो विश्वास छ," विज्ञप्तिमा भनिएको छ । यद्यपि उहाँहरू 'बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेशन' लाई भने मिलेर सञ्चालन गर्ने जनाउनुभएको छ । उक्त जोडीले नयाँ जीवनमा अघि बढ्न लाग्दा आफ्नो परिवारको गोपनीयतालाई कायम राख्ने सहमति भएको बताइएको छ । फोर्ब्सका अनुसार बिल गेट्स विश्वकै चौथो धनी व्यक्ति हुनुहुन्छ । उहाँको सम्पत्ति १२४ अर्ब डलर रहेको छ । उहाँ माइक्रोसफ्टका भूतपूर्व सहसंस्थापक तथा पूर्वअध्यक्ष पनि हुनुहुन्छ । उक्त जोडीले 'लामो सोचविचारपछि विवाह अन्त्य गर्ने निर्णय गरेको' सामाजिक सञ्जाल ट्विटरमा उल्लेख गरेको छ ।

सन् १९८० को दशकमा मेलिन्डा बिलको फर्ममा एक कर्मचारीको रूपमा काम गर्ने शिलशिलामा उहाँहरूको भेट भएको थियो । मेलिन्डा प्रडक्ट म्यानेजरको रूपमा सन् १९८७ मा माइक्रोसफ्टमा आबद्ध हुनुभएको थियो । तीन सन्तानका अविभावक बनिसकेका उहाँहरूको निर्णयलाई अनपेक्षित मानिएको छ । उहाँहरूले सञ्चालन गरेको परोपकारी संस्थाले सङ्क्रमक रोगको नियन्त्रण र बालबालिकाको खोपलाई प्रोत्साहन गर्न जस्ता कामका लागि अर्बौं डलर खर्च गर्दै आएको छ ।

# गोरखा भूकम्पका छ वर्ष : पुरातात्विक महत्वका ४९३ सम्पदा पुनःनिर्माण

रासस

गोरखा, २१ वैशाख

गोरखा भूकम्पको छ वर्षको अवधिमा भूकम्पले भत्किएका पुरातात्विक महत्वका ४९३ सम्पदाको पुनःनिर्माण सम्पन्न भएको छ ।

भूकम्प प्रभावित ३२ जिल्लाका ९२० सम्पदामा विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षति पुगेको राष्ट्रिय पुनः निर्माण प्राधिकरणले जनाएको छ । क्षतिग्रस्त २८८ सम्पदा पुनः निर्माणको चरणमा रहेको प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेले राससलाई जानकारी दिनुभयो । यी सम्पदाको पुनःनिर्माण चालु आर्थिक वर्षमै शुरु गर्ने तयारी छ । तीमध्ये केही सम्पदाको पुनःनिर्माण शुरु भइसकेको छ । भूकम्पले विश्व सम्पदा क्षेत्रका १७०, काठमाडौं उपत्यकाका तीन जिल्लाका ४०६ र उपत्यकाबाहिरका २९ जिल्लाका ३४४ गरी ९२० सम्पदामा क्षति पुगेको थियो । हालसम्म विश्व सम्पदा क्षेत्रका ११०, काठमाडौं उपत्यकाका तीन जिल्लाका २०७ र उपत्यकाबाहिरका २९ जिल्लाका १७६ गरी ४९३ सम्पदाको पुनः निर्माण सम्पन्न भएको हो ।

चालु आवमा विश्व सम्पदा क्षेत्रका ४९, काठमाडौं उपत्यकाका तीन जिल्लाका १११ र उपत्यकाबाहिरका २९ जिल्लाका १२८ गरी २८८ सम्पदा पुनः निर्माण हुन लागेको प्राधिकरणले जनाएको छ । भूकम्पले क्षतिग्रस्त ऐतिहासिक सम्पदा धरहरालाई जस्ताको त्यस्तै राखी उस्तै आकार र प्रकारमा धरहरा टावर निर्माण सम्पन्न भई गत फागुन ११ गते उद्घाटन गरिएको छ । यसैगरी भूकम्पले क्षतिग्रस्त राजधानीको मुटुमा रहेको रानीपोखरी पनि गत वर्ष दशैँअघि नै निर्माण सम्पन्न गरी उद्घाटन गरिएको छ । काष्ठमण्डप पनि पुनः निर्माणको अन्तिम चरणमा पुगेको प्राधिकरणले जनाएको छ ।

भूकम्पले भत्किएका सम्पदा अझ राम्रो र बलियो बनाउँ भन्ने अवधारणाको अवलम्बन गरी पुनःनिर्माण अघि बढेको प्राधिकरणले जनाएको छ । विपद् प्रतिरोधक हुने गरी स्थानीय आवश्यकताअनुरूप उपयुक्त प्रविधि अपनाई जीर्णोद्धार, प्रबलीकरण र पुनःनिर्माण गरिएको सहप्रवक्ता घिमिरेले बताउनुभयो ।

# भारतमा कोभिड-१९ संक्रमितको सङ्ख्या दुई करोडभन्दा बढी

रासस

काठमाडौं, २१ वैशाख

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको कुल सङ्ख्या दुई करोडभन्दा माथि पुगेको छ । पछिल्लो २४ घण्टामा तीन लाख ५७ हजार भन्दा धेरै सङ्क्रमित थपिएसँगै कुल सङ्ख्या दुई करोड नाघेको स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले दिएको पछिल्लो तथ्याङ्कमा २४ घण्टामा तीन लाख ५७ हजार २२९ जना सङ्क्रमित थपिएका छन् । सो अवधिमा तीन हजार ४४९ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको छ । मङ्गलबार दिउसोसम्ममा सक्रिय सङ्क्रमितको सङ्ख्या ३४ लाख ४७ हजार १३३ रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

भारतमा हालसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई करोड दुई लाख ८२ हजार ८३३ पुगेको छ भने अहिलेसम्म दुई लाख २२ हजार ४०८ व्यक्तिको सङ्क्रमणका कारण स्वास्थ्यमा आएको जटिलताका कारण मृत्यु भएको छ । भारतमा हालसम्म १५ करोड ७१ लाख ९८ हजार २०७ जनाले कोरोना भाइरसविरुद्धको खोपको कम्तीमा एक मात्रा लगाएका छन् । नयाँ प्रकारको कोरोना भाइरसको सङ्क्रमण तीव्र गतिमा फैलिँदा दोस्रो लहरको महामारीबाट भारतको स्वास्थ्य प्रणाली शिथिल बनेको छ । अस्पतालमा शैयया तथा औषधि र अक्सिजनको अभाव हुँदा बचाउन सकिने सङ्क्रमितहरुको पनि ज्यान गएको स्वास्थ्यकर्मीले बताएका छन् ।

१८ वर्षमाथिकालाई खोप लगाउन थालिएको भए पनि धेरै राज्यहरुले खोपको अभाव रहेको बताएका छन् । खोप उत्पादक सेरम इन्स्टिच्यूडका प्रमुखले यसअघि आज नै खोपको अभाव आउँदो जुलाईसम्मै कायम रहन सक्ने चेतावनी दिनुभएको छ ।

# थप पाँच जिल्लामा निषेधको आदेश

रासस

काठमाडौं, २१ वैशाख

कोभिड-१९ सङ्क्रमण फैलन नदिन मुलुकका थप पाँच जिल्लामा निषेधको आदेश जारी भएको छ ।

सोमबारसम्म ४१ जिल्लामा जारी भएको आदेश मंगलबार पाँच जिल्ला थपिएसँगै ४६ जिल्ला पुगेको छ । थपिएका जिल्लाहरूमा महोत्तरी, डोल्पा, डोटी, नवलपरासी पूर्व र रोल्पा रहेका छन् । ती जिल्लामध्ये रोल्पामा बुधबार बिहान ६ बजेदेखि र महोत्तरीमा साँझ ६ बजेदेखि आदेश लागू हुनेछ ।

अन्य तीन जिल्लामा आज राति १२ बजेदेखि लागू हुने गृह मन्त्रालयले जनाएको छ । यसअघि नै आदेश जारी भएको देखेखमा पनि मंगलबार रातिदेखि नै कार्यान्वयनमा जाँदै छ ।

# गुर्जा र ढोरपाटन पुग्ने सडकको बाधक बन्यो मटला भिर

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २१ बैशाख**

म्याग्दीको अत्यन्त दुर्गम ठाउँ धवलागिरि गाउँपालिका-१ गुर्जा र बागलुङ, रुकुम र म्याग्दीको सिमानामा पर्ने ढोरपाटन क्षेत्रमा पुग्ने सडक निर्माणको काम धवलागिरि गाउँपालिका-३ मुनाको मटला भिरमा पुगेर रोकिएको छ।

सडक डिभिजन कार्यालयमार्फत निर्माण हुन लागेको मुना-ढोरपाटन सडकखण्डअन्तर्गत पर्ने मटला भिरको विशाल पहरो फुटाउने काममा ढिलासुस्ती हुँदा सडक निर्माणको काम रोकिएको हो। जिसी कन्स्ट्रक्शनले निर्माणको जिम्मा लिएको मटला भिर सडकखण्डका लागि चालु आर्थिक वर्षमा सडक डिभिजन कार्यालयबाट रु दुई करोड,धवलागिरि गाउँपालिकाबाट रु २५ लाख र मालिका गाउँपालिका-२ लुलाङबाट रु १५ लाख विनियोजन भएको थियो।

राष्ट्रिय वनको क्षेत्रभित्र पर्ने मटला भिरमा वन कार्यालयको अनुमतिबिना सडक निर्माण गर्न लागिएकाले मुद्दा परेपछि त्यसको छिनोफानो नहोउञ्जेलसम्म लुलाङको खोरियागाउँबाट सडकको ट्र्याक खोल्न नसकिएको धवलागिरि गाउँपालिका-२ लुलाङका वडासदस्य मतिप्रसाद पाइजाले बताउनुभयो । मुना-ढोरपाटन सडकखण्ड लुलाङको लमसुङबाट खोरियागाउँसम्म पुगेको छ । मटला भिरको पहरो फुटाएर ट्र्याक खोल्ने हो भने चालु आवमा नै खोरियागाउँसम्म मोटर पुग्न सक्ने भएको छ। यस सडकको ट्र्याक खुलेर यातायातका साधन सञ्चालन भएमा म्याग्दी, बागलुङ, रुकुम, रोल्पालगायतका जिल्लाका हजारौँ सर्वसाधारणलाई सजिलो हुने वडासदस्य पाइजाले बताउनुभयो।

बागलुङको बुर्तिवाङ हुँदै ढोरपाटन जोड्ने सडकभन्दा यो सडक निकै छोटो र सहज भएकाले निर्माणकार्यलाई तीव्रता दिन स्थानीयवासीले माग गरेका छन् । त्यसैगरी जिल्लाकै अति दुर्गम गाउँ मानिने गुर्जा जोड्ने सडक पनि यही भएकाले धवलागिरि गाउँपालिकाको पहिलो प्राथमिकतामा यो सडक रहेको धवलागिरि गाउँपालिका-३ का वडाध्यक्ष पुर्म पुनले बताउनुभयो । जिल्लाको दुर्गम बस्ती र बागलुङ, म्याग्दी रुकुमलाई जोड्ने यस सडक निर्माणकार्यलाई तीव्रता दिई समयमै ट्र्याक खोल्न सक्ने हो भने पिछडिएका दुर्गम गाउँका नागरिकले सुविधा प्राप्त गर्न सक्ने उहाँको भनाइ छ । पश्चिमी म्याग्दीको बहुप्रतिक्षित योजनासमेत रहेको बेनी-दरवाङ-मुना-गुर्जा सडक आयोजना सम्पन्न भएर यातायताका साधन सञ्चालन हुन थालेपछि यस क्षेत्रको कायापलट हुने अनुमान गरिएको छ। यस क्षेत्र पशुपालन, जडीबुटी, पर्यटन, खनिज, वनपैदार र पर्यटनको प्रशस्तै सम्भावना भएकाले अहिले सबैको नजर यहाँ ट्र्याक कहिले खुल्ला र गाडी कहिले गुड्ला भन्ने कुरामा नै प्रतिक्षारत रहेका मुनाका युवा किशोर भण्डारीले बताउनुभयो।

# संक्रमणको जाखिम बढ्यो, परीक्षा रोकिएन्

**रासस**
**लमजुङ, २१ बैशाख**

सङ्घीय सरकार र जिल्ला प्रशासन कार्यालयले कोभिड-१९ को जोखिमका कारण शैक्षिक संस्था बन्द गर्न दिएको निर्देशनलाई यहाँका केही पालिकाले पालना गरेका छैनन् । केही विद्यालयले जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गइरहेका बेला पनि सङ्क्रमणलाई बेवास्ता गर्दै धमाधम परीक्षा सञ्चालन गरिरहेका छन्।

जिल्लाका स्थानीय तहले अटेर गर्दा विद्यार्थी सङ्क्रमणको उच्च जोखिममा परेका बताइएको छ । कोरोनाकै कारण राइनास नगरपालिका- ७ गरमबेसीका ३९ वर्षीया एक महिलाको मृत्यु समेत भइसकेको छ। सङ्क्रमणमा वृद्धि हुन थालेपछि जिप्रकाले एक विज्ञप्ति निकालेर विद्यालयहरू बन्द गर्न निर्देश गरेपनि जिल्लाका सरकारी तथा नीजि विद्यालयले धमाधम परीक्षा सञ्चालन गरिरहेका छन् । जिल्लाका विद्यालयमा त सुरक्षा मापदण्ड नै पालना छ, न त वास्ता नै छ । बैंसीशहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले भन्नुभयो, “पालिकाका विद्यालयमा धमाधम परीक्षा चलिरहेकाले सबै विद्यालयको परीक्षा सम्पन्न भएपछि मात्र विद्यालय बन्द गर्नेछौ।”

केहीदिन अघि मात्र बैंसीशहरमा रहेको जनविकास माध्यमिक विद्यालयका ३० वर्षीया शिक्षिकालाई कोरोना पोजिटिभ देखिएको छ। शिक्षिकामा कोरोना देखिए पनि विद्यालयका शिक्षक र विद्यार्थीको भने कन्ट्र्याक्ट ट्रेसिङ नभएको बताइएको छ। सो विद्यालयमा समेत धमाधम परीक्षा सञ्चालन भइरहेको छ । विद्यार्थी सङक्रमणको जोखिम महशुस गर्दै डराइ डराइ हतार हतारमा परीक्षा दिँदै घर फर्किने गरेका बताइएको छ। जिल्लामा आठ स्थानीय तह रहेको छ । तीमध्ये दुधपोखरी, क्व्होलासोथर गाउँपालिका र मध्यनेपाल नगरपालिकाले सबै विद्यालय बन्द गरेपनि अन्य पाँच तहले वार्षिक परीक्षा सञ्चालन गरिरहेका छन् । जिल्लाका बैंसीशहर, सुन्दरबजार, राइनास नगरपालिका र दोर्दी, मर्स्याङ्दी गाउँपालिकाले धमाधम सङ्घीय सरकार तथा प्रशासनको निर्देशनको पालना नगर्दै परीक्षा सञ्चालन गरिरहेका छन्।

प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले जिल्लाको विद्यालय तथा परीक्षा बन्द गर्न डिसिसिएमसीको बैठकले निर्णय गरेको जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, “हामीले सबै पालिका प्रमुखहरूलाई राखेर पनि विद्यालय बन्द गर्न निर्देशन दिएका थियौँ । उहाँहरूले पालना नगरी कोरोना सङक्रमणको जोखिमका बीच धमाधम परीक्षा सञ्चाालन गरिरहनुभएको छ ।” विद्यालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहलाई भएकाले प्रशासनले अनुगमन मात्र गर्न सक्ने उहाँको भनाइ छ। जिल्लामा दैनिक ११ देखि २४ जनासम्ममा कोरोना पुष्टि हुन थालेको छ।

# चार्टर्ड तथा उद्धार उडान सञ्चालन हुने

**रासस**
**काठमाडौं, २१ बैशाख**

कोभिड-१९ महामारी नियन्त्रणका लागि सरकारले गए रातिदेखि मुलुकको आन्तरिक उडान स्थगन गरेको छ । अन्तर ाष्ट्रिय उडान यही वैशाख २३ गते रातिदेखि स्थगित गरिनेछ।

यद्यपि नेपाल र भारतबीच हवाई उडान हुनेछ । दुई देशबीच सातामा दुई उडान कायम राख्ने गरी सबै आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान बन्द भएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जनाएको छ।

मन्त्रिपरिषद्को गत आइतबार भएको बैठकले कोरोना रोकथामका लागि आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान वैशाख मसान्तसम्मका लागि स्थगन गर्ने निर्णय गरेको थियो। यस अवधिमा चार्टर्ड तथा उद्धार उडान सञ्चालन हुने क्यानले जनाएको छ । क्यानका प्रवक्ता राजकुमार क्षेत्रीले आवश्यकताका आधारमा अनुमति लिएर आन्तरिक तथा अन्तर्राष्ट्रिय दुवैमा चार्टर्ड तथा उद्धार उडान हुने बताउनुभयो।

भारत र नेपालबीच एयर बबल प्रणालीअनुसार सातामा बढीमा दुई उडान हुनेछन् । भारतबाट नेपाल आउने यात्रुले १० दिन क्वारेन्टिनमा बस्नु पर्नेछ। मन्त्रिपरिषद्ले हवाई उडानसम्बन्धी पाँच बुँदे निर्णय गरेको छ । स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले सुचीकृत गरेका होटलमा १० दिन अनिवार्य क्वारेन्टिनमा बस्ने गरी नेपाल भारतबीच कायम एयर बबल सुविधाअन्तर्गतका दुईतर्फी उडानहरू साताको दुईवटामा सीमित गर्ने निर्णय भएको छ।

पर्यटन मन्त्रालय, पर्यटन बोर्ड र नेपाल प्रहरीको संयुक्त टोलीले होटेल क्वारेन्टिनमा बसे नबसेको दैनिक अनुगमन गरी कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रमा दैनिक प्रतिवेदन पेश गर्नुपर्नेछ । होटेल क्वारेन्टिनमा बस्नुपर्ने यात्रुले स्वास्थ्य मापदण्ड पालना नगरेको र क्वारेन्टिनमा नबसेको पाइएमा सङ्क्रामक रोग ऐन, २०२० बमोजिम मुकर्रर अधिकारीसमक्ष कारवाहीका लागि लेखिपठाउने मन्त्रिपरिषद्को निर्णय छ।

त्यस्तै कुनै पनि उडानमा पिसिआर पोजिटिभ भएका यात्रुलाई बोर्डिङ पास दिई यात्रा गराएमा उडानका सबै यात्रुको क्वारेन्टिन खर्च सम्बन्धित एयरलाइन्सले बेहोर्ने व्यवस्था गरिनेछ। आन्तरिक र अन्तर्राष्ट्रिय चार्टर्ड तथा उद्धार उडानका हकमा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी पर्यटन मन्त्रालयले उडान अनुमति जारी गर्नेछ। चार्टर्ड र उद्धार अन्तर्राष्ट्रिय उडानबाट आउने/जाने यात्रुहरूको बारकोड र फोटोसहितको पिसिआर रिपोर्ट अनिवार्य गरिएको छ । कोभिड महामारीको जोखिम नियन्त्रणका लागि सरकारले यही वैशाख १६ गतेदेखि काठमाडौँ उपत्यकासहित देशका विभिन्न जिल्लामा निषेधाज्ञा लागू गरेको छ।

# नेपाल सुपर लिग : बुटवल शीर्ष स्थानमा उक्लिने दाउमा

**रासस**
**काठमाडौं, २१ बैशाख**

नेपाल सुपर लिगअन्तर्गत मंगलबार बुटवल लुम्बिनी एफसी लिगको शीर्ष स्थानमा उक्लिने दाउमा रहेको छ । शीर्ष स्थानमा पुग्ने लक्ष्यका साथ बुटवलले आज काठमाडौँ रेजर्ससँग प्रतिस्पर्धा गर्दैछ।

बुटवल लिगको तेस्रो स्थानमा रहेको छ । काठमाडौँविरुद्ध आजको खेल जितेमा बुटवल शीर्ष स्थानमा पुग्न सफल हुनेछ । प्रतियोगितामा तीन खेल खेलेको बुटवलको हालसम्म एउटामा जीत तथा दुईमा बराबरीका साथ पाँच अङ्क छ। काठमाडौँसितको खेल जितेमा बुटवल आठ अङ्कका साथ शीर्ष स्थानमा उक्लिने छ।

जारी प्रतियोगितामा बुटवल एकमात्र अपराजित टोली हो । यसअघि बुटवलले पहिलो खेलमा पोखरा थन्डर्सलाई २-० गोलले हराएको थियो । दोस्रो खेलमा बुटवलले चितवनसँग २-२ गोलको बराबरी खेलेको थियो। तेस्रो खेलमा पनि बुटवलले विराटनगरसँग २-२ गोलको बराबरीमा खेल टुङ्ग्याएको थियो।

यसैगरी काठमाडौँ रेजर्स दोस्रो जीतको लक्ष्यका साथ आज बुटवलविरुद्ध मैदानमा उत्रिँदैछ । काठमाडौँले हालसम्म तीन खेलमा एउटामा जीत, एउटामा बराबरी तथा एक खेलमा हार बेहोर्दै चार अङ्क जोडेको छ। पहिलो खेलमा काठमाडौँले ललितपुरलाई पराजित गरेको थियो । दोस्रो खेलमा काठमाडौँ धनगढीसँग पराजित भएको थियो । तेस्रो खेलमा काठमाडौँले पोखरासित बराबरी खेलेको थियो । बुटवलविरुद्धको खेलमा विजयी भएमा काठमाडौँ लिगको शीर्ष तीनमा उक्लिनेछ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुटवल लुम्बिनी एफसी र काठमाडौँ रेजर्सबीच साँझ साढे ५ बजे खेल शुरु हुनेछ।

# फोहोरजन्य वस्तुबाट भतेरीमा बत्ती बल्यो

**रासस**
**तनहुँ, २१ बैशाख**

व्यास नगरपालिका कार्यालयले कुहिने फोहोरजन्य वस्तुबाट बायोग्यास प्लान्ट निर्माण गरी विद्युत् निकालेको छ । व्यास-१० मादी नदी किनारमा बायोग्यास प्लान्ट निर्माण गरेर शिशुवा गौ संरक्षण केन्द्र र भतेरी कृषि सहकारी संस्थामा विद्युत् जडान गरिएको हो।

नगरपालिकाले फोहोरलाई मोहरमा परिवर्तन गर्दै रचनात्मक कार्यको थालनी गरेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । शुरुमा बायोग्यास प्लान्टबाट उत्पादित ग्यासले गौ संरक्षणमा रहेका गाईवस्तुका लागि कुडो पकाउने, खाना पकाउने, पाहुनाहरूलाई चिया, खाना बनाएर खुवाउनेलगायतका काममा प्रयोग गरिनेछ । बायोग्यासबाट जेनेटर जडान गरी विद्युत्मा परिणत पानी तान्ने मोटर जडान गर्ने योजना रहेको नगरपालिकाले जनाएको छ। ठूलो मात्रामा ग्यास उत्पादन गरी उपभोक्तालाई सिलिन्डरमा भरेर दिन सकिने प्रचुर सम्भावना रहेकाले नगरपालिकाले त्यसतर्फ पनि चासो देखाएको वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो । पहिलो चरणमा करिब ६० घनामिटर क्षमताको बायोग्यास प्लान्ट निर्माण गरेर ग्यास उत्पादन गरिए पनि यसलाई वृद्धि गर्दै लैजाने सकिए ग्यास उत्पादनमा सहज बनाउन सकिने उहाँले बताउनुभयो । नगरपालिकाको रु सात लाख र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु सात लाख गरी कूल रु १४ लाखको लागतमा प्लान्ट निर्माण गरिएको वडाध्यक्ष सापकोटाले जानकारी दिनुभयो । पहिलो चरणमा इनारको पानी तानेर तरकारी खेती गर्दै आएका प्रभावित किसानहरूलाई प्राथमिकताका आधारमा निःशुल्क विद्युत् वितरण गर्ने योजना रहेको छ। उक्त क्षेत्रमा रहेको १५ वटा इनारबाट ३० घरका परिवारले इनारको पानी प्रयोग गरेर तरकारी खेती गर्दै आएका छन् । समुदायमा वितरण गर्दा विपन्न, गरीब, असहाय परिवारलाई प्राथमिकता दिएर निःशुल्क विद्युत् वितरण गर्ने नगरपालिकाको योजना रहेको छ। सोही स्थानमा रहेको गौ संरक्षण तथा प्राङ्गारिक मल उत्पादन केन्द्रले ५२ वटा गाईलाई संरक्षण गर्दै आएको छ। नगरपालिकाको सक्रियतामा छाडा पशुचौपायाहरू सङ्कलन गरी व्यवस्थित गरिएको हो । गाईको मल, मूत्र र कुहिने फोहोरलाई प्रयोग गरी इन्धन निकाल्ने कार्यका लागि वडाध्यक्ष सापकोटको संयोजकत्वमा नौ सदस्यीय कार्य समितिसमेत गठन गरिएको छ। त्यसैगरी भतेरी कृषि सहकारीले सोही स्थानमा नौवटा पोखरीमा १२ हजार ५०० माछा पालनसमेत गर्दै आएको छ। विद्युत् निकालिएपछि माछा फार्म, गाई फार्मलगायतका स्थानमा समेत विद्युत् जडान गर्ने योजना रहेको वडाध्यक्ष सापकोटाले बताउनुभयो । नगरपालिकाले दमौली क्षेत्रबाट दैनिक फोहोर सङ्कलन गर्दा कुहिने र नकुहिने गरी छुट्टाछुट्टै सङ्कलन गरेर विर्सजन गर्दै आएको छ । उक्त प्लान्टको केही दिनअघि मात्रै नगरप्रमुख न्यौपाने र प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलसहितको टोलीले प्लान्टको अवलोकन गरेको थियो।

# अधिकांश संक्रमितलाई अक्सिजन आवश्यक

**रासस**
**चितवन, २१ बैशाख**

अस्पतालमा उपचारका लागि आउने अधिकांश सङ्क्रमितलाई अक्सिजन आवश्यक पर्ने गरेको छ । पहिलो लहरको कोभिडमा केही सङ्क्रमितलाई मात्रै अक्सिजन आवश्यक परेको भए पनि दोस्रो लहरमा भने अस्पतालमा आएका अधिकांशलाई अक्सिजन आवश्यक परेको हो।

भरतपुर अस्पतालका अध्यक्ष एवं फिजिसियन डा भोजराज अधिकारीले पहिलो लहरमा ११० जना बिरामी भर्ना हुँदा २० जनालाई अक्सिजन लगाउनुपरेको तर अहिले भर्ना हुने सबैलाई अक्सिजन दिनु परेको बताउनुभयो । गत वर्ष उमेर बढी र दीर्घरोगीमा सङ्क्रमण बढी देखिएको भए पनि अहिले सबै उमेर समूह प्रभावित छन् । सामान्य अवस्थाका सङ्क्रमित घरमै बसेका छन् भने जटिल अवस्था आउनासाथ अस्पताल आउने गरेका छन् । उहाँका अनुसार पहिलो लहरमा ‘माइल्ड’, ‘मोडरेट’ र ‘सिभर’ वर्गीकरण गरेर उपचार गरिएकामा अहिले एउटै बिरामी ४८ घण्टामा माइल्डबाट मोडरेट अनि सिभर भएर घरको आइसोलेशनबाट एचडियु हुँदै सघन उपचार कक्षमा सार्नुपरेको छ। जुनसुकै बेला सङ्क्रमितलाई अस्पताल भर्ना गरेर अक्सिजन दिनु परेको उहाँको भनाइ छ । अस्पतालका कोभिड व्यवस्थापन समूहका संयोजक डा प्रमोद पौडेल कतिपयले घरमा समेत अक्सिजन लगाएको जानकारीमा आएको बताउनुहुन्छ । अस्पतालमा भर्ना भएका अधिकांशलाई अक्सिजन दिनुपरेको उहाँले जानकारी दिनुभयो । उहाँको भनाइमा अस्पतालमा रहेको हाइफ्लो नेजल क्यानुलाबाट समेत सङ्क्रमितलाई अक्सिजन दिइँदै आएको छ । भरतपुर अस्पतालमा यस्ता उपकरण १० वटा छन्। यसले एक मिनेटमा साठी लिटरसम्म अक्सिजन दिन सक्छ । पौडेलले भन्नुभयो, “हामीले अक्सिजन प्लान्टबाट सोझै क्यानुलामार्फत बिरामीलाई अक्सिजन दिने गरेका छौँ ।” अत्यधिक अक्सिजन आवश्यक पर्ने बिरामीलाई यस उपकरणमार्फत अक्सिजन दिइँदै आएको छ । साधारण लक्षण भएका सङ्क्रमित घरमै बस्ने र जटिल भएपछि मात्रै अस्पताल आउने प्रचलनका कारण आएका सबैलाई अक्सिजन दिनु परेको चिकित्सकहरू बताउँछन्।

चितवन मेडिकल कलेजका निर्देशक डा दयाराम लम्साल अस्पताल ल्याउनुपर्ने सङ्क्रमित एम्बुलेन्समै अक्सिजन लगाएर आएपछि नियमित अक्सिजन लगाउनुपर्ने अवस्था आएको बताउनुहुन्छ । पहिलो लहरमा अस्पतालमा आउने सङ्क्रमितमध्ये ९० प्रतिशत सामान्य थिए भने अहिले ९० प्रतिशत जटिल हुने गरेका छन् । ती सबैलाई अक्सिजनको सहायताले उपचार गर्नुपरेको छ।

जिल्लामा कोभिडको उपचार गर्ने भरतपुर अस्पताल, चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेस सबैको आफ्नै अक्सिजन प्लान्ट छ । तिनै प्लान्टबाट सेन्ट्रल सप्लाईमार्फत सङ्क्रमितलाई अक्सिजन दिइँदै आएको छ। तत्कालका लागि यहाँ अक्सिजनको अभाव भने नभएको चिकित्सकहरूले बताएका छन्।

# महामारीका जोखिममा एचआइभी संक्रमित

**रासस**
**वलेवा, २१ बैशाख**

बागलुङ जिल्लाको ताराखोला गाउँपालिकाका एक पुरुष केही वर्षदेखि एचआइभी एड्सविरुद्धको औषधि प्रयोग गरिरहेका छन्।

आफूमा संक्रमण रहेको पुष्टि भएपछि उनले धौलागिरि अस्पतालको एआरटी सेन्टरमार्फत औषधि खान शुरु गरेका हुन् । औषधिको प्रयोगले उनको स्वास्थ्य त सुधार भएको छ तर आफू संक्रमित भएको समाजले थाहा पाउला कि भन्ने त्रासले भने उनलाई पिरोलिरहन्छ । सामान्य समयमा विभिन्न बहानामा बागलुङ बजार आउने र गोप्य रूपमा एआरटी सेन्टर पुगेर औषधि लिने उनलाई अघिल्लो वर्षको बन्दाबन्दी समयमा सबैभन्दा धेरै समस्या भयो । एक दिन पनि छुटाउन नहुने औषधि बन्दाबन्दीका कारण लिन पाइएन भने समस्या बल्झेला भन्ने त्रासमा उनी थिए।

‘खुलेर हिँड्न समाज बदलिएको छैन्, महामारीको समयमा गोप्य रहन निकै कठिन हुँदोरहेछ’, उनले भने ‘सामाजिक बहिष्करणको त्रासमा हामी संक्रमित छौं, एचआइभी संक्रमण सामान्य समस्या हो भन्ने चेतनाको अभाव छ ।’ उनी जस्तै जिल्लाभर रहेका सबै संक्रमितले सो महामारीका समयमा निकै कष्टकर दिन बिताए।

कोरोना महामारीको दोस्रो लहर जिल्लाभर फैलिरहेको छ। एचआइभी तथा यौन रोगका बिरामीलाई महामारीका समयमा थप कठिन हुने देखिएको छ । ‘संक्रमितहरूप्रति सबै सचेत र जिम्मेवार बन्नु जरुरी छ तर हामीले सामाजिक चेतना पुऱ्याउनमा ध्यान दिएनौँ’, धौलागिरि अस्पतालमा रहेको एआरटी सेन्टरका इन्चार्ज प्रदीप आचार्य भन्नुहुन्छ,‘कोरोना संक्रमितको उच्च खतरामा संक्रमितहरू छन्, उनीहरूलाई जोगाउनु, जीवनरक्षा गर्नु मुख्य चुनौतीको विषय हो।’

कोरोनाको उच्च जोखिममा रहेर पनि खुलेर आफ्नै रक्षाका लागि आवाज उठाउन नपाएको संक्रमितहरूको गुनासो छ । वृद्ध, बालक र अन्य बिरामीलाई जोगाउन सरकारले सचेतना अभियान चलाए पनि आफूहरूका विषयमा कहींकतै आवाज नउठेको संक्रमितको गुनासो छ। उनीहरूलाई जोखिमबाट बचाउनका लागि आचार्य आफैँले घरघरमा औषधि पुऱ्याउने गर्नुभएको छ। वर्षाको हिलो होस् वा हिउँदको धुलो, आचार्यले व्यक्तिगत सवारी साधन प्रयोग गरेर बिरामीका घरघरमा औषधि पुऱ्याइरहनुभएको छ। ‘अन्य मानिसहरूभन्दा एचआइभी तथा यौन रोग संक्रमितहरू खतरामा हुन्छन्’, आचार्य भन्नुहुन्छ ‘कठिन समयमा सरसफाइ खानपानमा ध्यान दिएर सुरक्षित रहन भनेको छु।’ बागलुङमा ३८६ एचआइभी संक्रमित छन्। उनीहरूले गोप्य रूपमा एआरटी सेन्टरबाट औषधि प्रयोग गर्दै आएका छन्। जिल्लामा कोरोना संक्रमितको संख्या हजारौँमा गन्न मिल्ने अवस्थामा पुग्दा पनि एचआइभी संक्रमितलाई जोगाउन सकिएको आचार्यले बताउनुभयो । ‘यसै पनि शरीरको प्रतिरक्षात्मक क्षमता कमजोर हुन्छ, कोरोनाको संक्रमणबाट जस्तोसुकै अवस्थामा जोगिनु पर्छ’, आचार्य भन्नुहुन्छ ‘संक्रमित निर्धक्क खुलेर आफ्नो सुरक्षा आफैँ गर्ने वातावरण समुदायमा बन्दा मात्रै पनि निकै सजिलो हुने थियो।’ संक्रमितका लागि स्थानीय सरकार र स्वास्थ्य संस्थाले पनि आफ्नातर्फबाट हुन सक्ने सहयोग गर्नुपर्ने उनीहरूको माग छ।

# सभामुख र सांसदको कोभिड-१९को पीसीआर परीक्षण बुधबार

**रासस**
**काठमाडौं, २१ बैशाख**

सङ्घीय संसद् सचिवालले यही वैशाख २७ गते हुने प्रतिनिधिसभा अधिवेशनका सन्दर्भमा बुधबार र बिहीबार कोभिड-१९ को पीसीआर परीक्षण गराउने भएको छ । नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, ल्होत्से हलमा बिहान १० देखि अपराह्न ५ बजेसम्म पीसीआर परीक्षण हुने सचिवालयले सूचनामार्फत जानकारी दिएको छ।

सभामुख, राष्ट्रियसभा अध्यक्ष र उपाध्यक्ष, प्रतिनिधिभा र राष्ट्रियसभाका सम्पूर्ण सदस्य, महासचिव, सचिव, कार्यव्यवस्था परामर्श शाखा र सांसद व्यवस्थापन शाखासहित संसद् सचिवालयका सम्पूर्ण कर्मचारीको पहिलो दिन परीक्षण हुने छ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका कर्मचारी, मर्यादापालक, संसदीय मामिलासँग आबद्ध पत्रकार, स्वकीय सचिवालयका कर्मचारी, ट्राफिक, बम डिस्पोज र जाँच गर्ने सुरक्षाकर्मी र अन्य सम्बन्धित व्यक्तिको कोभिड-१९ को पीसीआर परीक्षण बिहीबार हुने छ । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीले आफूमाथि प्रतिनिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न चाहनु भएको जनाउँदै यही वैशाख २७ गते सोमबार प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुभएको छ।